निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL
योजना, अनुगमन तथा वैदेशिक सम्बन्ध शाखा

प.सं. च.नं. / Ref: २०८२/०८३/२३८

नेपाल सरकार
गृह मन्त्रालय
मिति: २०८२/११/१६
महाशाखा:
☐ प्रशासन ☐ नीति यो.अ. तथा मू.
☑ सुरक्षा तथा समन्वय ☐ आन्तरिक व्यवस्थापन
☐ विपद् तथा द्वन्द्व व्यवस्थापन ☐ कानून
☐ अन्य
दर्ता ........ मिति: ११/१६

श्री गृह मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

विषय:आयोगको निर्णय कार्यान्वयन सम्बन्धमा।

उपर्युक्त विषयमा प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ को मतदानको दिन सवारी साधनको अनुमती सम्बन्धमा मिति २०८२/११/१५ मा बसेको आयोगको बैठकले देहाय बमोजिमको निर्णय गरेकोले आवश्यक कार्यार्थ तहाँ पठाइएको व्यहोरा अनुरोध छ।

देहाय:

(१) प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ को मतदानको दिन सवारी साधनको अनुमति सम्बन्धी कार्यविधि, २०८२ को दफा ५ को खण्ड "त", दफा ९ र दफा ११ समेतका आधारमा निम्न बमोजिमका सवारी साधनहरूलाई पास आवश्यक नपर्ने व्यवस्था मिलाउन नेपाल सरकारलाई सिफारिस गर्ने :-

(क) दमकल, एम्बुलेन्स, शववाहन,

(ख) खानेपानीका ट्याङ्कर, दुध, फलफूल, तरकारी, माछा, मासु, पेट्रोलियम पदार्थ बोकेका सवारी साधन,

(ग) दूरसञ्चार सेवा, खानेपानी, विद्युत, ढल मर्मतका लागि प्रयोग हुने सवारी साधन,

(घ) अस्पताल सेवाका सवारी साधनहरू (अस्पतालका चिकित्सक र स्वास्थ्यकर्मीलाई घरदेखि अस्पताल र अस्पतालदेखि घरसम्म आवतजावत गर्न),

(ङ) अन्तर्राष्ट्रिय तथा आन्तरिक हवाइ सेवाका यात्रु बोकेका सवारी साधन (विमानस्थलदेखि घर वा होटलसम्म र घर वा होटलदेखि विमानस्थलसम्म)

(च) हिड्डुल गर्न नसक्ने गर्भवती महिला, सुत्करी, साथमा आफ्नै बच्चा बोकेकी महिला, किरियापुत्री, शारीरिकरूपले अशक्त वा अपाङ्गता भएका व्यक्ति, हिड्डुल गर्न नसक्ने ज्येष्ठ नागरिक मतदाता र निजका एक जना सहयोगी बोकेका सवारी साधन,

(छ) नम्बर प्लेटमा सिडी उल्लेख भएका कूटनीतिक नियोगका सवारी साधन,

(ज) आयोगबाट जारी भएको पर्यवेक्षक परिचयपत्र वाहक पर्यवेक्षणकर्ताले प्रयोग गर्ने सवारी साधन (सो परिचयपत्रमा उल्लिखित स्थानमा मात्र), मानव अधिकार

प.सं. च.नं. / Ref: आयोगबाट अनुगमन/पर्यवेक्षणका लागि प्रयोग गर्ने सवारी साधन र प्रेस पास भएका पत्रकारका सवारी साधन,

(२) मतदानको दिन देहायका निकाय, पदाधिकारी तथा व्यक्तिलाई सवारी साधनको सञ्चालनको अनुमति आवश्यकता र औचित्यका आधारमा देहायका निकायबाट उपलब्ध गराउने:-

(क) नेपाल सरकारका मन्त्रालय, सचिवालय, आयोग, विभाग, कार्यालय र अन्य आयोग तथा संस्थान वा संगठित संस्थाका विशिष्ट श्रेणीका कर्मचारीलाई आयोगको सचिवालयले,

(ख) निर्णय नं. २(क) बमोजिमका निकायका विशिष्ट श्रेणीका कर्मचारी बाहेक अन्य कर्मचारीका हकमा सम्वन्धित निकायले प्रयोजन खोली गरेको सिफारिसका आधारमा आयोगको सचिवालयले,

(३) निर्वाचन आयोग तथा काठमाडौं उपत्यकाभित्रका जिल्ला प्रशासन कार्यालयहरूबाट जारी हुने सवारी पास उपलब्ध गराउन गृह मन्त्रालय र जिल्ला प्रशासन कार्यालय काठमाडौंका प्रतिनिधिसमेत रहेको सवारी पास एकीकृत सवारी साधन आवागमन व्यवस्थापन डेस्क निर्वाचन आयोग परिसरमा स्थापना भई सञ्चालनमा आएको र जिल्ला प्रशासन कार्यालय काठमाडौं, भक्तपुर र ललितपुरबाट जारी हुनुपर्ने सवारी पास समेत सोही डेस्कबाट जारी हुने व्यहोरा जानकारी गराउने।

२०७४।११।१६

(शैलेन्द्र ढकाल)
शाखा अधिकृत